"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

संस्थाको सूचना तथा गतिविधी सम्प्रेषणको लागि

# बाराही Info Bulletin

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

वर्ष १६ । अंक १ । श्रावण, २०८२/०८३

## Global Money Week को अवसर पारेर शिक्षा शिविर सम्पन्न ।




भक्तपुर, ९ चैत्र । श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.का शिक्षा उपसमितिका संयोजक विश्वराम त्वायनाको सभापतित्वमा र अध्यक्ष राधेश्याम सुवालको आतिथ्यतामा Global Money Week 2025 (March 17 to 23) को अवसरमा सहकारी शिक्षा शिविर कार्यक्रम संस्थाको तालिम हलमा सम्पन्न भयो ।

यस सहकारी शिक्षा शिविरको मुख्य उद्देश्य एक हप्ते ग्लोवल मनी विकलाई सार्थक बनाउन विश्व भरिको बैक वित्तीय संस्थाले यो एक हप्ताको लागि आ–आफ्ना सदस्यहरू तथा सरोकारवालाहरूलाई वित्तीय जानकारीको पुन ताजिकिकरण गराउने, पैसाको महत्व बुझाउने, आम्दानीका श्रोत, बचतका श्रोत, ऋण सापटीको जोखिम, लगानी गर्ने तरिका आदीवारे थप सुसुचित गराउने उद्देश्यले संचालित यो एक हप्तालाई सफलपार्न ९ गते श्री बाराही साकोसका सदस्यहरूलाई वित्तीय रूपमा साक्षर बनाउन सहकारी शिक्षा शिविर संचालन गरेको थियो ।

संस्थाको शिक्षा उपसमितिको आयोजना सम्पन्न उक्त शिविरमा संस्थाका अध्यक्ष राधेश्याम सुवालले हाल चर्चा परिचर्चा भइरहेको सहकारी ऐन, नीति, नियम र सहकारी नियमन प्राधिकरणको वारेमा जानकारी गराउनु भयो । देशको अवस्थाले युवा वर्ग वाहिरिने क्रम यसरी नै बढ्दै जाने हो भने भोलिका दिनमा नेतृत्व जनशक्तिको अभाव समेत हुने हुनाले यसलाई रोक्न स्थानीय निकायले सोच्नु पर्नेवारे आफ्नो धारणा व्यक्त गर्नु भएको थियो ।

बाँकी पृष्ठ ५ मा

## संस्थाको २७औं स्थापना दिवस सम्पन्न ।

२०८२ श्रावण ४ गते आईतवार, भक्तपुरको ग:पली स्थित भक्तपुर पार्टी भेन्यूमा श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि को २७औं स्थापना दिवस तथा प्रशंसा पत्र वितरण कार्यक्रम संस्थाका अध्यक्ष राधेश्याम सुवालको सभापतित्वमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिका अध्यक्ष कृष्ण गोविन्द लाखाजुको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । संस्थाको स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम समेत भएको थियो ।




भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले शुभकामना मन्तव्यमा सहकारी विभागले भर्खरै जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनका लागि एकीकृत निर्देशिका - २०८२ वारे विशेष जोड दिँदै वोल्नु भएको थियो । वित्तीय संकुचन भइ यस्तो असहज परिस्थितिमा पनि लाभान्स दिन सक्ने गरि नाफामा वृद्धि गरि खराव ऋणलाई न्यूनीकरण गर्न सक्नु, तरलता व्यवस्थापन गर्न सकेको, नियमित मासिक बचतमा विशेष जोड दिने गरेको संस्थाको रूपमा चिनिने संस्था रहेकोले सबै सहकारीले यस्तो सुशासनका पक्षलाई अंगाल्दै अगाडी बढ्नु पर्ने विषयमा आफ्नो कुरा व्यक्त गर्नु भएको थियो ।

बाँकी पृष्ठ ३ मा

## । निमन्त्रणा ।

### २६औं वार्षिक साधारण सभा

**निम्न मिति, समय र स्थानमा हुने भएकोले उपस्थितिको लागि सम्पूर्ण सदस्यहरुमा हार्दिक अनुरोध गरिन्छ ।**

**कार्यक्रम**

मिति:- २०८२ भदौ २८ गते, शनिबार
समय:- बिहान १०:३० देखि ३:०० बजेसम्म
स्थान:- शुभकामना पार्टी प्यालेस, कौंलाचा, भक्तपुर

**प्रकाशन उप-समिति**
संयोजक : श्री विष्णु प्रसाद सुवाल
सदस्य : श्री रूमन श्रेष्ठ

**सम्पादक**
व्यवस्थापक : श्री शिवजी हाकुदुवाल
सह-सम्पादक : श्री कल्पना दुवाल

**प्रकाशन**
**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-४, भुलाँचा, भक्तपुर, फोन नं: ०१-६६११३६४
E-mail: sbarahisaccos@gmail.com,
Website: www.barahisaccos.com.np

**लेआउट डिजाईन तथा मुद्रण:**
**फाईन अफसेट प्रेस**
ग:पली-४, बाराहीस्थान, भक्तपुर । फोन नं.: ०१-६६१४४८३

## हालको कायम व्याजदर

| क्र.सं. | बचत प्रकारहरू | व्याजदर (%) | क्र.स. | बचत प्रकारहरू | व्याजदर (%) |
|---|---|---|---|---|---|
| १ | नियमित बचत | ६ | ७ | शैक्षिक बचत | ४ |
| २ | बाल बचत | ४.५ | ८ | ऐच्छिक बचत | ३ |
| ३ | खुत्रुके बचत | ४ | ९ | स्वास्थ्य बचत | ४ |
| ४ | महशुल बचत | ४ | १० | बिमा बचत | ४ |
| ५ | गहना बचत | ४ | ११ | दैनिक बचत | ३.५ |
| ६ | सवारी साधन बचत | ४ | १२ | घर निर्माण बचत | ४ |

**आवधिक बचत शिर्षक**

| क्र.सं. | आवधिक बचत | व्याजदर | | |
|---|---|---|---|---|
| | | एकमूष्ट | त्रैमासिक | मासिक |
| १ | ३ महिने | ३.५ | | |
| २ | ६ महिने | ४ | ३.७५ | ३.५ |
| ३ | १ वर्ष वा सोभन्दा माथि अवधिको | ५ | ४.७५ | ४.५ |

६८ वर्ष देखिका जेष्ठ सदस्यहरूको आवधिक बचतमा कायम व्याजदरमा ०.२५ प्रतिशत थप हुनेछ ।

| क्र.सं. | ऋण शिर्षक | व्याजदर |
|---|---|---|
| १ | ब्यापार/ब्यवसाय ऋण | ११ |
| २ | हायर पर्चेज ऋण | ११ |
| ३ | सामाजिक ऋण | ११.५० |
| ४ | आवधिक बचत धितो ऋण | +२ |
| ५ | घडेरी/घर निर्माण ऋण | ११ |
| ६ | शैक्षिक ऋण | १०.५ |
| ७ | कृषि ऋण | ११ |
| ८ | घरजग्गा ब्यवसाय ऋण | ११.५ |
| ९ | पून निर्माण ऋण | ११ |
| १० | व्यवसायिक ऋण | ११ |
| ११ | व्यवसाय ऋण | ११ |
| १२ | उद्योग ब्यवसाय ऋण | ११ |
| १३ | ३ महिने पूनरूत्थान ऋण | ८ |
| १४ | ६ महिने पूनरूत्थान ऋण | ९ |
| १५ | १ वर्ष पूनरूत्थान ऋण | १० |
| १६ | व्यवसाय निरन्तरता ऋण | ९ |

## प्रकाशकीय

नियमित रूपमा बाराही इन्फो बुलेटिन प्रकाशित गरिदै आएकोमा यस आर्थिक वर्ष अन्तराष्ट्रिय सहकारी वर्ष सन् २०२५ को अवसरमा सदस्यहरूलाई विभिन्न तालिम तथा कार्यक्रमहरू संचालन गरेका सूचना तथा गतिविधिहरू सम्प्रेषण गरि सदस्य तथा सरोकारवालामा संस्थाले के के गतिविधिहरू गरेका छन् भन्ने जानकारी तथा सु-सुचित गराउने उद्देश्यले यस आ.व. को यो पहिलो अंक प्रकाशन गरिएको हो ।

आर्थिक वर्ष २०८१/०८२को असार मसान्त सम्ममा संस्थामा १ अर्व ५ करोड ४९ लाख ९२ हजारको लेखा परीक्षण अगाडीको सम्पत्ति जम्मा भइ सकेको छ । २०८२ असार मसान्त सम्ममा ५८५४ जना सदस्यहरूलाई सदस्यता प्रदान गरि संस्थामा अवद्धता गराएको छ । लेखा परीक्षण अगाडी १ करोड ७८ लाख ९५ हजारको अवितरित बचत रहेको छ ।

संस्थाको कार्यक्षेत्र भित्रको समुदायमा रहेका व्यक्तिहरूलाई सहकारी सम्वन्धी वित्तीय रूपमा साक्षर गराई सदस्यता प्रदान गर्ने र सो सदस्यहरूको आवश्यकता अनुसारको बचत तथा ऋण सुविधा प्रदान गरि सदस्यहरूलाई सन्तुष्ट बनाई संस्था सफल र दिगो रहने समुदायमा आधारित यस संस्थाको उद्देश्य रहेको छ ।

सहकारीको मुल्य मान्यता र सिद्धान्त विपरित एवं ऐन नियम विपरित कारोवार गर्ने र नगद वितरण गर्ने सहकारी संस्था जोखिममा रहने सम्भावना रहेको कारणले समुदायमा आधारित सहकारीहरूमा नीति विधि र नियम बमोजिम संचालित सहकारी हो या होइन अध्ययन तथा मनन गरिमात्र सदस्य भइ कारोवार गर्नु होला, लोभ र प्रलोभनमा नपर्नु हुन समेत अनुरोध गर्दछ ।

आर्थिक वर्ष शुरूवाट संगै अवको समय साधारण सभाको समय रहेको हुनाले यस संस्थाको २६औं वार्षिक साधारण सभा संस्थाको भितेपात्रोमा सम्प्रेशन गरेको निर्धारित समय भाद्र २८ गते हुने हनाले समयमै उपस्थित भइ सहभागिताको लागि अनुरोध गर्दै यस वर्षको २६औ वार्षिक साधारण सभा सहकारी विभागले २०८२/०३/३२ मा जारी गरेको एकीकृत निर्देशन, २०८२ को दफा ४५ बमोजिम व्यवस्था गरि साधारण सभा हुने समेत जानकारी गराउन चाहन्छु । फलस्वरूप संस्था सक्षम, सदस्यको रकम सुरक्षित र विभागको निर्देशन परिपालना हुने कुरा समेत जानकारी गराउन चाहन्छु ।

यस वर्ष संस्थाले नयाँ परीक्षण सामाजिक परीक्षण (Social Audit) समेत गराई साधारण सभामा पेश हुने समेत जानकारी गराउन चाहन्छु । आ.व. २०८२/०८३ लाई स्वागत गर्दै यस आ.व. मा सम्पुर्ण सदस्यहरूको शुभ रहोस भन्ने कामना तथा शुभकामना व्यक्त गर्दछौं ।

। धन्यवाद ।

## अध्यक्षको मन्तव्य



**श्री राधेश्याम सुवाल**
अध्यक्ष

संस्थाका सदस्यहरूलाई सहकारी सम्बन्धित सूचना प्रवाह गर्न सुसुचित गर्ने माध्यमको रूपमा बाराही बुलेटिन तीन/तीन महिनामा प्रकाशनगरी आएको छ । बाराही बुलेटिन निरन्तर प्रकाशनको शुभकामना पनि दिन चाहन्छु । यो सालमा संस्थाको प्रगति उन्नतिका लागि सदस्यहरूले सहयोग गर्नु भएकोमा संचालक समितिको तर्फबाट धेरै-धेरै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

वर्तमान अवस्थामा सहकारी संस्थाहरू निकै कस्तपुर्ण अवस्थामा रहेको छन् । समुदायमा राम्रो/नराम्रो सहकारी संस्थाहरू रहेका छन् । राम्रो सहकारी संस्था भन्नाले समुदायमा केन्द्रित भै दर्ता संचालक तथा व्यवस्थापन सहकारी मुल्य मान्यता तथा सिद्धान्तलाई आत्मसाथ गरी अगाडी बढी रहेका हुन्छन् भने खराब सहकारी संस्थाहरू गैर समुदायमा रही व्यक्तिगत वा पारिवारिक ढंगबाट व्यवसायिक रूपमा संचालन गरेका हुन्छन् । अहिलेको समस्या भनेको सहकारी संस्थाहरूमा देखिएको विकृति विसंगति विशेष गरी गैर समुदायमा संचालित सहकारी संस्थाहरूमा देखिएका छन् । भविष्यको लागि सुरक्षित राखिएको सदस्यहरूको बचत रकम फिर्ता दिन नसकको अवस्थामा सहकारीहरू प्रति विश्वासमा कमी आएको हो । यस्तो विषम परिस्थितिमा मेरो नेतृत्वमा संस्थाको जिम्मेवारी दिएको छ । सहकारी संस्थाहरूमा देखिएको यसखाले चुनौतिलाई स्विकार्दै संस्थालाई निरन्तर रूपमा गति प्रदान गर्ने प्रतिवद्धताका साथ अगाडी बढेको छु, सदस्यहरूबाट बढ्न हौसला मिलेको छ, सकारात्मक सहयोग पाएको हुंदा सदस्यहरूबाट साथ सहयोग पाईरहेकोले संचालक समितिको तर्फबाट संस्थाका सम्पुर्ण सदस्यहरूलाई मुरीमुरी धन्यवाद टक्रयाउन चाहन्छु ।

संस्थाको सातौं व्यवसायिक योजनाको आधारमा आ.व. २०८१/०८ मा अनुमानित लक्ष्य निर्धारण गरेको थियो । त्यसलाई संचालक समितिले चुनौतिका साथ स्विकार गरी आफ्नो जिम्मेवारी कर्तव्य पुरा गर्ने कोसिस रहयो । संस्थाले सामान्य प्रगति गरेको छ नाफा पनि कमाएको छ तर लक्ष्य अनुसार पुरा भएन । सहकारी प्रतिको नकारात्मक समुदायको मानसिकता र बजार लगानी मैत्री नहुन्दा सोचे अनुरूप लगानी हुन सकिएन । वर्तमान अवस्थामा सहकारीमा देखिएको विश्वासको संकट मात्र होइन, वित्तीय बजार पुर्ण रूपमा चलायमान हुन नसक्नु पनि हो । जस्ले गर्दा बैंक वित्तीय, संघ, संस्था लगायत सहकारी संस्थाहरूमा बचत थुप्रियो र बचत व्याजदर निकै कमजोर अवस्थामा रहयो । बैंकमा बचत रकम थुप्रिएकोले पुँजी रकम बजारमा पैसा चलाएमान मात्र नभएको होइन बचतको व्याजबाट जीवन गुजारा गर्ने जेष्ठ सदस्य एवं आय आर्जनको विकल्प नभएका बचत सदस्यहरूलाई नराम्रोसंग असर पुग्यो । सहकारी कर्मीको हैसियतले मलाई पनि दुःख लागेको छ, निश्चित रकम व्याज पाउने आशाले बचत गर्नु भएका सदस्यहरूलाई इच्छा/चाहाना अनुसार व्याज दिन नसकिए पनि सदस्यहरूको बचतलाई सुरक्षित राखी संस्थालाई आय आर्जन हुने क्षेत्रमा लगानी गर्ने प्रयास गरेको छु । संस्थालाई भविष्यमा पनि निरन्तर रूपमा अगाडी बढाउन सदस्यहरूको महत्वपुर्ण भुमिका रहने हुँदा संस्थाको सेवा सुविधामा हातेमालो गरी संस्थागत गति प्रदान गर्न सम्पुर्ण सदस्यहरूले सहयोग गर्नुहुने विश्वास लिएको छु ।

**संस्थाको २७ औं स्थापना दिवस सम्पन्न.........................**

कार्यक्रममा संस्थाका सचिव विष्णु प्रसाद सुवालले असार महिना सम्मको यथार्थ आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विगतका वर्ष देखि नै संस्थाले रणनीतिक योजना तय गरि संस्था संचालनमा भइ रहेकोले आगामी वर्षहरूका लागि पनि चालु आ.व. २०८२/०८३ देखि लागु हुने गरि ८औं ४ वर्षे व्यवसायिक रणनीतिक योजना तयार गरेकोवारे कार्यक्रममा प्रस्तुतीकरण गर्नु भएको थियो । संस्थाले सामाजिक उत्तरदायित्व वहन गरेका विभिन्न सामाजिक क्रियाकलापका साथै सदस्य समुदायलाई दिइ रहेको सेवा सुविधाहरूवारेमा समेत यस वर्ष सामाजिक परीक्षण गर्ने जानकारी गराएको थियो ।



स्थापना दिवसमा प्रमुख अतिथिले संस्थाका संस्थापक २६ जनालाई सम्मान, नियमित मासिक बचतकर्ताहरू मध्ये मासिक एकजनाका दरले १२ महिनाको १२ जना नियमित बचतकर्ता र १२ जना बाल बचतकर्तालाई सम्मान स्वरूप मायाको चिनो र प्रशंसा पत्र समेत प्रदान गरेको थियो ।

स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा २२ जनाले रक्तदान गर्नुभएको थियो । **"रक्तदान जीवनदान"** भन्ने नाराका साथ संचालित उक्त कार्यक्रममा अध्यक्ष राधेश्याम सुवालले रक्तदान कार्यले पुनर्जीवन दिने भएकाले यसलाई जीवनदान भनिएको बताउनु भयो ।

उक्त स्थापना दिवस कार्यक्रममा सभापति सुवालले संस्थाको स्थापनाको दिन श्रावण ४ गतेलाई जन्म दिनको रूपमा स्मरण गर्दै यस स्थापना दिवस सोहि दिनमा गरेको र निरन्तर रूपमा गर्दै जाने कुरा राख्दै परोपकार नै महान् पुण्य हो भन्ने भावना राखेर यस रक्तदान कार्यक्रम पनि राखिएको बताउनुभयो । उहाँले मन, वचन, र कर्मले सबैजनालाई रक्तदान जस्तो महान कर्ममा लाग्न उत्प्रेरित गर्नुभयो । उक्त कार्यक्रममा सरिक २२ जनालाई जीवन बचाउनका लागि रक्तदान गर्नुभएका रक्तदातालाई प्रमाणपत्र समेत प्रदान गर्दै रक्तदाताहरू लगायत कार्यक्रम सफल पार्न सहयोग गर्नु हुने सम्पुर्ण सदस्य, संस्थापक, संचालक पदाधिकारीहरू र व्यवस्थापनका कर्मचारीलाई धेरै धेरै धन्यवाद व्यक्त गरेको थियो ।

१४० जना सदस्यहरू सहभागी भएको स्थापना दिवस कार्यक्रमको संचालन पुनेन्द्र प्रसाद कुसीले गरेको उक्त स्थापना दिवसमा उपाध्यक्ष बलराम प्रजापति, संस्थापक प्रतिनिधि पुण्यकृष्ण भुजु, लेखा सुपरिवेक्षण समितिका संयोजक वालकृष्ण नागा समेतले बोल्नु भएको थियो ।

## नियमित मासिक बचतकर्ता सदस्यहरूलाई मायाको चिनो वितरण ।

आ.व. २०८१/०८२ मा मासिक नियमित बचतकर्ता सदस्यहरू मध्ये प्रत्येक महिनामा गोला प्रथाद्धारा छनौट गरि १२ जना सदस्यहरूलाई २७औं स्थापना दिवसका प्रमुख अतिथि भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का अध्यक्ष कृष्ण गोविन्द लाखाजुबाट पुरस्कार तथा मायाको चिनो प्रदान गर्नुभयो ।





छनौट भएका नियमित मासिक बचत कर्ताको नाम ।

| क्र.स. | नाम | सदस्य नं | महिना |
|---|---|---|---|
| १ | गणेश माया रंजितकार | ४९२७ | श्रावन |
| २ | सुनिल सुजखु | ५६६८ | भदौ |
| ३ | पियुस पक्का | ५६८५ | आश्विन |
| ४ | टिका बहादुर खड्का | ५०२८ | कार्तिक |
| ५ | मिश्री त्यात | ५४२५ | मंसिर |
| ६ | प्रविना प्रजापति | ४६७७ | पौष |
| ७ | पवन जाकिबन्जार | ५१८१ | माघ |
| ८ | गुणेश्वरी कासिछ्वा | ५३८९ | फागून |
| ९ | रविन थुयाजु | ५४१० | चैत |
| १० | रकिल बोयजु | ५५३० | बैशाख |
| ११ | नानी मैया प्रजापति | ८८९ | जेठ |
| १२ | लतं बहादुर सुजखु | १६६८ | असार |

छनौट भएका नियमित बाल बचत कर्ताको नाम ।

| बाल स.नं | बाल बचतकर्ताको नाम | ठेगाना | महिना |
|---|---|---|---|
| १३६० | लियन हाकुदुवाल | आर्दश बसस्टप | श्रावन |
| ३७० | स्वर्णिम सुवाल | बोलाछें-४ | भदौ |
| १४३४ | अनुश्री किसी | जगाती | आश्विन |
| १२१५ | जेसिका तामाङ्ग | चा.न.पा | कार्तिक |
| १३३२ | हेम फाजु | सुर्यविनायक | मंसिर |
| ७२४ | रियान कोजु | व्यासी-२ | पौष |
| १४१९ | आरजय कुम्पाख | भोलाछें-६ | माघ |
| १२२४ | रिजन खड्गी | कटुञ्जे-५ | फागून |
| १४१८ | नभ्यश नायोभा | तेखाचो-३ | चैत |
| १२८७ | प्रविशा नापित | क्वाछें | बैशाख |
| १०६९ | प्रासना तज | सृजनानगर | जेठ |
| ९६८ | विजोन प्रजापति | नगदेश | असार |

## आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिक समिक्षा गोष्ठी सम्पन्न ।

मिति २०८२ बैशाख २६ गते शुक्रबारका दिन श्री बराही बचत तथा ऋण सहकारी संस्था लि. को आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिक समिक्षा गोष्ठी संस्थाका अध्यक्ष राधेश्याम सुवालको अध्यक्षतामा, लेखा सुपरिवेक्षण समितिका संयोजकको आतिथ्यतामा संस्थाको तालिम हलमा सम्पन्न भयो ।




संचालक समितिको आयोजनामा भएको उक्त गोष्ठीमा स्वागत मन्तव्य उपाध्यक्ष बलराम प्रजापतिबाट गर्नुभएको थियो जसमा उहाँले सहकारी संस्था संचालन गर्नको लागि अहिलको अवस्थामा सजिलो छैन किनकि सहकारी सम्बन्धी विभिन्न ऐन, कानुन थप्दै आइरहेको हुनाले जिम्मेवारी बढ्दै जाने कुरा व्यक्त गर्दै स्वागत गर्नुभएको थियो । औपचारिक कार्यक्रममा संस्थाका अध्यक्ष राधेश्याम सुवालबाट सहकारी संस्थामा आवद्ध पदाधिकारीहरूको भुमिका, काम, कर्तव्य र अधिकार सम्बन्धी विषयमा प्रष्ट पार्नु भएको थियो । औपचारिक कार्यक्रम पश्चात क्रमश संस्थाको ऋण, प्रशासन, वित्तिय एवं विश्लेषणात्मक प्रतिवेदन क्रमशः वरिष्ठ ऋण सहायक राजमति सुवाल, वरिष्ठ प्रशासन सहायक कल्पना दुवाल, लेखा अधिकृत श्रीकृष्ण ख्याजु र व्यवस्थापक शिवजी हाकुदुवालले गर्नुभएको थियो । संस्थाको चालु आ.व को कार्यक्रम योजना अनुसार उपसमितिका संयोजकहरूबाट आ-आफ्नो उपसमितिले सम्पन्न गरेका जिम्मेवारी र गर्न बांकी कार्यक्रमहरूको जानकारी दिनुभएको थियो ।

## एस.ई.ई दिएर बसेका विद्यार्थीहरूलाई मार्ग निर्देशन तथा प्राथमिक उपचार एवं रक्तदान सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न

२०८१ चैत्र ३० गते शनिवार भक्तपुरको श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष राधेश्याम सुवालको आतिथ्यता, नेपाल रेडक्रस सोसाइटीका ईश्वर श्रेष्ठको प्राविधिक सहयोगमा पुनेन्द्र प्रसाद कुसीको सभापतित्वमा समुदायमा रहेका विद्यालयहरूवाट एस.ई.ई. दिएर बसेका विद्यार्थीहरूलाई लक्षित गरी मार्ग निर्देशन तथा प्राथमिक उपचार एवं रक्तदान सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो ।



संस्थाका अध्यक्ष राधेश्याम सुवालले हाल चर्चा परिचर्चामा रहेको सहकारी ऐन, नीति, नियम र सहकारी नियमन, गठित प्राधिकरणकोवारेमा जानकारी गराउनु भयो । युवा वर्ग पढाई पश्चात विदेश जाने परम्परालाई त्याग्नु पर्दछ भन्दै युवा वर्गलाई आफ्नै देशमा रही स्वरोजगार वन्नु पर्ने र आफ्नै देशमा योगदान गर्नु पर्नेमा विशेष जोड दिनु भएको थियो । देशको राजनैतिक अवस्थाले युवा वर्ग वाहिरीने क्रम यसरी नै बढ्दै जाने हो भने भोलिका दिनमा नेतृत्व गर्ने जनशक्तिको अभाव समेत हुने हुनाले यसलाई रोक्न स्थानीय निकायले सोच्नु पर्नेवारे आफ्नो धारणा व्यक्त गर्नु भएको थियो ।

अतिथि नेपाल रेडक्रस सोसाईटीका जन सम्पर्क अधिकृत ईश्वर श्रेष्ठले भैपरी आउँदा, आपत विपत पर्दा, दुर्घटना हुँदा गर्नु पर्ने आवश्यक प्राथमिक कार्यवाट उपचार गर्ने तरिकाहरूवारे प्रस्ट पार्नु हुँदै सामान्य उपचारहरू स्वयम्‌ले गर्न सकिने समेत जानकारी गराउनु भएको थियो । रक्तदान जीवनदान भन्ने नारालाई आत्म साथ गर्नु पर्दछ भनि रगत र रक्तदानको महत्व, आवश्यकता, सदुपयोग आदीवारे जानकारी गराउनुका साथै उक्त कार्यक्रममा बोल्दै श्रेष्ठले रक्तदान कार्यले पुनर्जीवन दिने भएकाले यसलाई जीवनदान भनिएको कुरा बताउनुभयो । परोपकार नै महान् पुण्य हो भन्ने भावना राखेर यो कार्यक्रम राखिएकोमा धन्यवाद दिनु भयो । उहाँले मन, वचन, र कर्मले सबैजना रक्तदान जस्तो महान् कर्ममा लाग्न समेत उत्प्रेरित गर्नुभयो ।

बचत गर्ने तरिका, आवश्यक खर्च, अनावश्यक खर्च, स्वरोजगार वन्ने व्यवसायका तरिकाहरू लगायत संस्थाले प्रदान गरेका बस्तु तथा सेवा सुविधा लगायत प्रविधीको प्रयोग सम्वन्धी जानकारी गराई युवावर्गलाई वित्तीय रूपमा साक्षर गरी युवा जनशक्ति देशको सर्वाङ्गिण विकासकालागि आवश्यक रहेको प्रष्ट गर्दै संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले आफ्नो धारणा प्रस्तुतीकरण मार्फत राख्नु भएको थियो ।

सभापति एवं यस कार्यक्रमका मोटिभेस्नल स्पिकर शिक्षक पुनेन्द्र प्रसाद कुसीले एस.ई.ई पश्चात विद्यार्थीहरूलाई मार्ग निर्देशनको आवश्यकता बोध गराई अबको गन्तव्य थप अध्ययन र जीवन उपयोगी तालिमलाई विशेष जोड दिँदै उर्जापूर्ण मार्ग निर्देशन प्रदान गर्नु भएको थियो ।

उक्त कार्यक्रमा सदस्य, सदस्यका परिवार, तारा मा.वि. र बासु मा.वि.का विद्यार्थिहरू गरी जम्मा ५७ जनाको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा युवा तथा स्वास्थ्य उपसमितिका सदस्य श्री रोशना सुवाल, पुण्यकृष्ण भुजु, सजिना प्रजापति समेतले बोलेको थियो ।

## Global Money Week को अवसर पारेर शिक्षा शिविर सम्पन्न ।

....... यो हप्ता "Think before you follow, wise money tomorrow" लाई पुरा गर्ने र पैसाको वारेमा जानकारी लिने दिने हप्ताको रूपमा साप्ताह व्यापी प्रचारप्रसार भएको बित्तीय रूपमा साक्षर गराउने अभियान भएकोले उपस्थित सदस्य तथा पदाधिकारीहरूलाई हाम्रो देशमा आम्दानी गर्न सक्ने विस थरिका व्यवसाय, पैसा कमाउने अचुक उपाय, आवश्यक तथा अनावश्यक खर्चवारे, "(Learn, Save Earn)" बचत गर्न सक्ने तरिका, ऋण कसरी लिन र तिर्ने तथा जोखिमका क्षेत्रहरू, लगानी गर्ने विभिन्न तरिकाका साथ साथै संस्थागत वित्तीय साक्षरता समेत संस्थाका व्यवस्थापकवाट दिनु भएको थियो ।

सभापतित्व ग्रहण गर्नु हुने विश्वराम त्वायनाले समापनको क्रममा संस्था चिन्ने तरिका, व्याजको लोभमा नफस्न र अरूको बहकाउमा नजान र KYM फारम अनिवार्य रूपमा सवै सदस्यले भर्न अनुरोध गर्दै सदस्यहरूको टिक्का टिप्पणीको प्रति उत्तर सहितको आफ्नो धारणा व्यक्त गर्नु भएको थियो ।

शिक्षा शिविर कार्यक्रममा संस्थागत प्रस्तुती संस्थाका लेखा अधिकृत श्रीकृष्ण ख्याजुले सरल तथा प्रभावकारी माध्यमबाट संस्थाको बित्तीय सेवा सुबिधाबारे जानकारी दिदै हालको प्रविधिसंग सदस्यहरूलाई जानकार रहन मोबाईल बैकिङ्ग सम्बन्धी जानकारी दिनु भयो र सुरक्षित तरिकाले कारोवार गर्न सुझाब दिनु भएको थियो । कार्यक्रम संचालक शिक्षा उपसमितिका सदस्य रवेन्द्र सुवाल ,स्वागत मन्तव्य रोजिस त्वातीले वोल्नु भएको उक्त शिविरमा जम्मा ३२ जनाको सहभागिता रहयो ।

## सुर्यविनायक चोकमा रक्तदान कार्यक्रम सम्पन्न ।

मिति २०८१ फाल्गुन २४ गते शनिवार भक्तपुरको अरनिको हाइवेमा रहेको सुर्यविनायक चोकमा श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिले संस्थाको स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको थियो । संस्थाका अध्यक्ष राधेश्याम सुवालको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।




उक्त कार्यक्रमा २६ जनाले रक्तदान गर्नुभएको थियो । रक्तदान जीवनदान भन्ने नाराका साथ संचालित उक्त कार्यक्रममा बोल्दै सुवालले रक्तदान कार्यले पुनर्जीवन दिने भएकाले यसलाई जीवनदान भनिएको कुरा बताउनुभयो ।

उक्त रक्तदान कार्यक्रमका सभापति सुवालले परोपकार नै महान् पुण्य हो भन्ने भावना राखेर यो कार्यक्रम राखिएको बताउनुभयो । उहाँले मन, वचत, र कर्मले सबैजना रक्तदान जस्तो महान् कर्ममा लाग्न उत्प्रेरित गर्नुभयो । उक्त कार्यक्रममा सरिक २६ जनालाई जीवन बचाउनका लागि रक्तदान गर्नुभएकोमा प्रमाणपत्र पनि प्रदान गरिएको थियो ।

## ६८औं राष्ट्रिय सहकारी दिवसको प्रभातफेरि कार्यक्रममा सहभागिता ।

मिति २०८१ चैत्र २० गते ६८ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को आयोजनामा भक्तपुर नगरपालिका भित्रका समुदायमा आधारित सहकारी संस्थाहरू सहितको सहभागितामा दुधपाटी र कमलविनायक देखि टौमढी सम्म प्रभातफेरी र्‍याली गरी टौमढीमा समापन सभा भएको सहकारी दिवसमा श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.का पदाधिकारी, कर्मचारी एवं संस्थापकहरूको सहभागिता रहेको थियो ।




## ४ महिने बासुरी बाजा प्रशिक्षण प्रारम्भ ।

मिति २०८२ बैशाख २१ गते आईतबारका दिन यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को साँस्कृतिक तथा खेलकुद उपसमितिको आयोजनामा ४ महिने बासुरी बाजा प्रशिक्षणको उद्‌घाटन कार्यक्रममा संस्थाका अध्यक्ष राधेश्याम सुवालको प्रमुख अतिथि, प्रशिक्षक रभिम कपालीको आतिथ्यता र उपसमितिका संयोजक सृजन ग्वाछाको सभाध्यक्षतामा संस्थाको तालिम हलमा उद्‌घाटन कार्यक्रम सम्पन्न भयो ।

उद्‌घाटन कार्यक्रममा अध्यक्ष राधेश्याम सुवालले अहिले को परिस्थितिमा सहकारी संस्थाबारे संकुचित सोच भएता पनि यस संस्थालाई सदस्यले विश्वास गर्दै आइरहेका हुनाले अहिले सम्म संस्था सवल हुन सकेको भन्दै सदस्यहरूलाई सामाजिक, आर्थिक र साँस्कृतिक रूपमा सक्षम बनाउनको लागि संस्थाले विभिन्न सिपमुलक तालिम, स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम, नयाँ पुस्ताको लागि मार्गनिर्देशन कार्यक्रम साथसाथै कला संस्कृति जर्गेना गर्ने उद्देश्यले बासुरी बाजा प्रशिक्षण कार्यक्रम आयोजना भएको कुरा व्यक्त गर्दै संस्थाको वित्तीय अवस्था बारे उपस्थित सम्पुर्णलाई जानकारी गराउनु भयो ।




तालिमका प्रशिक्षक रभिम कपालीबाट बासुरी बाजा प्रशिक्षणमा इच्छुक भएर सहभागि भएका प्रशिक्षार्थीहरूलाई सिकाउने प्रतिवद्धता व्यक्त गर्दै संस्थालाई सिकाउने अवसर दिनुभएकामा धन्यवाद व्यक्त गर्नुभयो । उदघाटन समारोहका सभाध्यक्ष सृजन ग्वाछाले हाम्रो कला संस्कृति जोगाउने उद्देश्य र राम्रोसंग सिक्नको लागि अनुरोध गर्दै यस्तै साथ र सहयोगको अपेक्षा गरेको भावना व्यक्त गर्नुभयो । स्वागत मन्तव्य उपसमितिका सदस्य एवं कार्यक्रम संचालक अमित खोंजुले गर्नुभएको थियो ।

### असल ऋणी बनौं

- नियमित व्याज तिरौं ।
- कबुलियत बमोजिम सांवा व्याज भुक्तानी गरौं ।
- भाखा भित्र सांवा व्याज भुक्तानी गरौं ।
- नियमानुसार किस्तावन्दी व्याज भुक्तानी गरौं ।
- ऋण र व्याजमा बिलम्ब शुल्क नलाग्ने गरी भुक्तानी गरौं ।
- ठूलो ऋण रकमको सेवा लिई समयमा भुक्तानी गरौं ।
- संस्थाको हरेक कार्यक्रममा सहभागी बनौं ।
- नियमित बचत गरौं ।

## एक हप्ते सार्वजनिक सम्बोधन कला तालिम सम्पन्न ।




श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को सदस्य तथा बचत उपसमितिको आयोजनामा संस्थामा आवद्ध सदस्य, समिति, उपसमिति एवं कर्मचारीहरूले आफ्नो मनमा लागेका कुराहरूको सहि तरिकामा प्रस्फुटन गराउने उद्देश्यले एक हप्ते सार्वजनिक सम्बोधन कला तालिम संस्थाको तालिम हलमा संस्थाका अध्यक्ष राधेश्याम सुवालको प्रमुख आतिथि, व्यवस्थापक शिवजी हाकुदुवाल र प्रशिक्षक रविन्द्र प्रसाद कुसीको आतिथ्यतामा उपसमितिका संयोजक सर्मिला मानन्धरको सभाध्यक्षमा कार्यक्रम सम्पन्न भयो ।

सार्वजनिक सम्बोधन कला तालिमको पहिलो दिन २०८२ असार १ गते प्रारम्भ भएको तालिम मिति २०८२ असार ०८ गते समापन भएको थियो । उक्त समापन कार्यक्रममा प्रमुख अतिथि संस्थाका अध्यक्ष राधेश्याम सुवालले अहिलेको परिस्थितिमा सहकारी क्षेत्रमा आएको समस्याहरू निराकरण गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरिएको नियमकिय मापदण्डले सहकारी अभियानलाई कमजोर र संकुचनमा ल्याउने भएकोले राम्ररी संचालन रहेको सहकारी संघ संस्थाहरूलाई पनि समस्याग्रस्त हुने सम्भावना रहेको कुरा व्यक्त गर्नुभयो । यस वाक कला तालिमबाट सिकेका सिकाई आफ्नो जीवनको हरेक पाइलामा प्रयोग गरेको खण्डमा तालिमको सार्थकता हुने जनमानसको कुरालाई सकारात्मक रूपमा सुनि सकेपछि मात्र हामीले जनमानसको मनसाय बुझि हाम्रो कुरा सुनाउने वातावरण बनाउनु पर्छ भन्नुका साथसाथै संस्थाप्रति सदस्यले राखेको सकारात्मक सोचले गर्दा संस्था यहाँसम्म आइपुगेको र भविष्यमा पनि यस्तै साथ सहयोगको अपेक्षा व्यक्त गर्नुभयो ।

यस सहकारी संस्थाले विगत र वर्तमानमा पनि हरेक कार्य सदस्य मुखि भई बचत तथा ऋणको कार्य मात्र नभई सामाजिक, साँस्कृतिक, तालिम, शिक्षा, स्वास्थ्य, व्यवसाय आदिको उत्थानको लागि कार्य गर्दै आएको तथ्य व्यक्त गर्दै संस्थाका व्यवस्थापकले समापन तालिममा अझ सार्थकता दिनको लागि ७ अ को सिद्धान्तबाट पनि वाक कलालाई अझ राम्रो गर्न सकिने कुरा व्यक्त गर्नुभएको थियो भने संस्थाबाट आयोजित कार्यक्रमको उद्देश्य वित्तीय फाइदाको लागि नभएर सदस्यको व्यक्तित्व विकास गराई अप्रत्यक्ष रूपमा सदस्यहरूलाई आर्थिक उपार्जन गराउने कार्य भइरहेको समेत व्यक्त गर्नुभयो । सम्पुर्ण सहभागिले सिकेका ज्ञान सिप, कला अरूलाई हस्तान्तरण गरी नयाँ व्यवहार र सँस्कृति विकास गर्नुपर्ने धारणा राख्नु भयो ।

तालिमका प्रशिक्षक रविन्द्र प्रसाद कुसीले आफ्नो मन्तव्य प्रेरणादायिक कथाबाट सुरू गर्नुभई अवसर भनेको बगेकोखोलामा पात बगे सरि हो जसलाई हामीले टिपेर सहि रूपमा जीवनमा प्रयोग गर्नुपर्दछ । शिक्षक भनेको आफुसँग भएको ज्ञान सिपलाई सामर्थ्यले भ्याएसम्म विद्यार्थीलाई दिने व्यक्ति हो भने विद्यार्थी त्यो हो जसले प्राप्त गरेको ज्ञान सिपलाई आ-आफ्नो तरिकाबाट सदुपयोग गर्दछ । तालिममा सहभागि प्रशिक्षार्थीहरूले प्रारम्भको दिन र समापनको दिन सम्म आइपुग्दा धेरै प्रगति भएको कुरा व्यक्त गर्नुभयो । संस्थाले पनि यस्तो तालिम भविष्यमा पनि गर्नुहुने आशा व्यक्त गर्नुभएको थियो ।




उक्त समापन कार्यक्रममा सदस्य तथा बचत उपसमितिका सदस्य एवं प्रशिक्षार्थी जमुना त्वानाबासुले स्वागत मन्तव्य, अनुभव मन्तव्यमा तालिममा सहभागि प्रशिक्षाथीहरू क्रमशः रामलक्ष्मी प्रजापति, रवि ध्वजु, जेनि दुवाल, बिष्णु केशरी ताम्राकारले गर्नुभएको थियो भने सो समापन कार्यक्रमको संचालन प्रशिक्षार्थी संगिता पंचले गर्नुभएको थियो । तालिमको समापन कार्यक्रममा २५ जना सहभागि सदस्यहरूलाई प्रमाण-पत्र वितरण गरिएको थियो । तालिमका सभाध्यक्ष सर्मिला मानन्धरले प्रमुख अतिथि, सम्पुर्ण सहभागि सदस्य र कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गरि सभा विर्षजन भएको घोषणा गरि तालिम सम्पन्न गर्नुभयो ।

### असल बचतकर्ता बनौं

१. प्रत्येक महिनाको मासिक नियमित बचत गरौं ।
२. प्रत्येक महिना समान(बराबर) रकम बचत गरौं ।
३. समयमा बचत गरी जरिवानाबाट बञ्चित होऔं ।
४. नियमित बचत रकम सकेसम्म ननिकालौं ।
५. संस्थाको हरेक गतिविधि (कार्यक्रम) मा सहभागी बनौं ।
६. असल ऋणीको व्यवहार गरौं ।
७. एक आपसमा सहयोगको भावना राखी धन जमानी र सदस्य जमानीमा सहयोग गरौं ।

## वार्षिक समिक्षा एवं चार वर्षे व्यवसायिक रणनीतिक योजना तथा बजेट सम्बन्धी कार्यक्रम सम्पन्न ।

मिति २०८२ श्रावण ०९ गते शुक्रबारका दिन संस्थाका अध्यक्ष राधेश्याम सुवालको अध्यक्षतामा आ.व. २०८१/०८२ को वार्षिक समिक्षा एवं चार वर्षे व्यवसायिक रणनीतिक योजना तथा चालु आ.व. को बजेट सम्बन्धी कार्यक्रम चुनेदेवी स्थित भक्तपुर गेष्ट हाउसमा सम्पन्न भयो ।

सो कार्यक्रमको औपचारिक कार्यक्रममा संस्थाका उपाध्यक्ष बलराम प्रजापतिले स्वागत मन्तव्यमा सहकारी नियमनकारी निकायबाट जारी नीति, नियम र निर्देशनलाई पालना गर्दै जानुपर्ने र यसबाट सहकारी संचालन गर्न गाह्रो हुनुका साथै यस्ता नीति निदेशन पहिला नै आएको भए अहिलेको परिस्थिति नआउने कुरा समेत व्यक्त गर्नुभयो । लेखा सुपरिवेक्षण समितिका संयोजक बाल कृष्ण नागाले अहिलेको परिस्थितिमा सहकारी नियमनकारी निकायबाट जारी निर्देशनहरू एक पछि अर्को गर्दै आइरहेको हुनाले सहकारी संस्थालाई काम गर्न अन्यौल हुनुका साथै सर्वसाधारण जनमानसले बुझ्न र स्विकार गर्न गाह्रो हुने कुरा व्यक्त गर्नुभयो ।




उक्त कार्यक्रममा संस्थाका व्यवस्थापन कर्मचारीहरूबाट आ.व. २०८१/०८२ को वार्षिक समिक्षामा वरिष्ठ ऋण सहायक राजमति सुवाल, वरिष्ठ प्रशासन सहायक कल्पना दुवाल, लेखा अधिकृत श्रीकृष्ण ख्याजु र व्यवस्थापक शिवजी हाकुदुवालले क्रमश रूपमा वार्षिक समिक्षा प्रस्तुत गर्नुभयो । त्यस्तै संस्थाका कोषाध्यक्ष रत्न केशरी सुखुपायोबाट चार वर्षे व्यवसायिक रणनीतिक योजना तथा बजेट सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

सचिव बिष्णु प्रसाद सुवालबाट संचालित समिक्षात्मक कार्यक्रममा संस्थाका अध्यक्ष राधेश्याम सुवालबाट समिक्षात्मक छलफल प्रस्तुत गर्नुका साथै सरसल्लाह र सुझाव दिनुभएको थियो । सम्पुर्ण उपस्थित संस्थापक, पदाधिकारीहरू एवं कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दै यस्तै प्रभावकारी कार्यक्रमलाई अगामी दिनमा पुन अगाडी बढाउनेछ भनी कार्यक्रम समापन गर्नुभएको थियो ।

## सहकारी अध्ययन अवलोकन भ्रमण



मिति २०८२ जेठ १६ गते शुक्रबारका दिन श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडका संस्थापक, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीहरू एवं कर्मचारीहरूको सहकारी सम्बन्धी सिकाई अभिवृद्धिका साथसाथै सहकारी-सहकारी बीचको अभ्यास अध्ययन अनुसरण तथा भलाकुसारी गर्ने उद्देश्यले काठमाडौंको चन्द्रागिरी साकोस र ललितपुरको कल्याणकारी साकोसमा एक दिने अध्ययन अवलोकन भ्रमण गरियो ।

## चार दिने समाचार लेखन कला तालिम सम्पन्न ।

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को सदस्य तथा बचत उपसमितिको आयोजनामा संस्थाका कर्मचारी र पदाधिकारीले विभिन्न गतिविधि, घटना, कार्यक्रमहरूलाई लिपीबद्ध गर्न र लेखन कला अभिबृद्धि गराउने उद्देश्यले संचालित चार दिने समाचार लेखन कला तालिम संस्थाको तालिम हलमा प्रमुख अतिथि संस्थाका अध्यक्ष राधेश्याम सुवाल, व्यवस्थापक शिवजी हाकुदुवाल र प्रशिक्षक प्रेम प्रजापतिको आतिथ्यतामा उपसमितिका संयोजक सर्मिला मानन्धरको सभाध्यक्षमा समापन कार्यक्रम सम्पन्न भएको थियो ।

समाचार लेखन कला तालिम २०८२ असार १० गते प्रारम्भ भई १३ गते सम्पन्न भएको समापन कार्यक्रमका प्रमुख अतिथि संस्थाका अध्यक्ष राधेश्याम सुवालले अहिलेको परिस्थितिमा सहकारी संस्थाका कर्मचारीहरू सक्षम शिक्षित र दक्ष हुनको लागि हरेक क्षेत्रको तालिम र कला हुनु जरूरी भएको व्यक्त गर्दै कर्मचारीहरूले यो तालिमवाट प्राप्त कला, क्षमता अभिबृद्धिवाट सिकेका सिकाइलाई व्यवहारमा प्रयोग गरेको खण्डमा संस्थाले आयोजना गरेको तालिमको सार्थकता हुने धारणा राख्नु भएको थियो ।

संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले समापन तालिममा संस्थाका पदाधिकारी र व्यवस्थापनका कर्मचारीहरूले संस्थाको हरेक लक्ष्य र विविध गतिविधिहरू सम्पन्न गर्ने भएकोले यो क्षमता अभिबृद्धि तालिमले थप सहयोग हुने बताउनु भयो । उहाँले प्रशिक्षार्थीले सिकेका ज्ञान सीप आफ्नो व्यवहारमा र संस्थाको प्रयोगमा ल्याउनु पर्ने विचार व्यक्त गर्नुभयो । यस सहकारी संस्थाले सदस्यहरूको बृत्ति विकासका साथसाथै

संस्थाका कर्मचारीहरूको पनि निरन्तर क्षमता अभिबृद्धि गर्न गराउनु पर्ने कुरामा विशेष जोड दिँदै आफ्नो धारणा राख्नु भएको थियो ।




तालिमका प्रशिक्षक, प्राध्यापक एवं आर्थिक अभियान पत्रिकाका सम्पादक प्रेम प्रजापतिले सिक्ने सिकाउने कुरा कहिल्यै नटुङ्गिने विचार राख्नु भएको थियो । तालिममा सहभागि प्रशिक्षार्थीहरूले प्रारम्भको दिन र समापनको दिन सम्म आइपुग्दा धेरै प्रगति भएको कुरा व्यक्त गर्नुभयो । संस्थाले पनि यस्तो तालिम भविष्यमा निरन्तर गर्नुहुने आशा समेत व्यक्त गर्नुभएको थियो ।

उक्त समापन कार्यक्रममा सदस्य तथा बचत उपसमितिका सदस्य एवं प्रशिक्षार्थी रितु बासुकलाले स्वागत मन्तव्य, प्रशिक्षाथीहरू क्रमशः संगिता पंच, रवि ध्वजुले अनुभव मन्तव्य राख्नु भएको थियो भने सो समापन कार्यक्रमको संचालन प्रशिक्षार्थी रत्न केशरी सुखुपायोले गर्नुभएको थियो । तालिमको समापन कार्यक्रममा १८ जना सहभागिहरूलाई प्रमाण-पत्र वितरण गरिएको थियो । तालिमका सभाध्यक्ष सर्मिला मानन्धरले प्रमुख अतिथि, अतिथि, सम्पुर्ण सहभागि र कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गरि सभा विर्षजन भएको घोषणा गरि तालिम सम्पन्न गर्नुभयो ।

**बचत तथा ऋण सहकारी संस्था संचालनका अन्तराष्ट्रिय सिद्धान्तहरू**

**विश्व ऋण महासंघ (WOCCU)**

**प्रजातान्त्रिक संरचना**

१. ऐच्छिक तथा खुल्ला सदस्यता
२. सदस्यको प्रजातान्त्रिक नियन्त्रण
३. विना भेदभाव

**सदस्य सेवा**

४. सदस्यहरूमा सेवा
५. सदस्यहरूमा बितरण
६. वित्तीय स्रोतको विकास

**सामाजिक लक्ष्यहरू**

७. निरन्तर शिक्षा
८. सहकारीहरू बीच समन्वय
९. सामाजिक सेवाहरू
१०. विश्वव्यापी परिकल्पना

**मृतक सदस्य राहत सुविधा ।**

आर्थिक वर्ष २०८१/०८२ मा मृतक सदस्य राहत बिमा सुविधामा समावेश भएका सदस्यहरू मध्ये निधन भएका सदस्यहरूका परिवारलाई तपसिल बमोजिम मृतक सदस्य राहत वितरण गरिएको छ ।



| क्र. सं. | मृतकको नाम | सदस्य नं. | राहत रकम | क्रिया खर्च |
|---|---|---|---|---|
| १ | गोपाल सुवाल | ९५५ | ५००००। | ५०००। |
| २ | पुर्ण भगत कसलवट | २४९४ | ५००००। | ५०००। |
| ३ | राजमति सुवाल | ९६ | ५००००। | ५०००। |
| ४ | मोहन माया खाताखो | २८५९ | ५००००। | ५०००। |
| ५ | पुर्ण माया दुमरू | ४७५१ | ५००००। | ५०००। |
| ६ | राज्यश्वरी फांजु | ३९५४ | ५००००। | ५०००। |
| ७ | कृष्ण प्रसाद सिल्पकार | ४१० | ५००००। | ५०००। |
| ८ | पदम लाल मानन्धर | ६४२ | ५००००। | ५०००। |
| ९ | चन्द्र माया खिउँजु | ५३५४ | ५००००। | ५०००। |
| १० | विश्व राम ध्वजु | २०१६ | ५००००। | ५०००। |
| ११ | गोपाल बाबा वन | ४८४ | ५००००। | ५०००। |
| १२ | कृष्ण प्रसाद कवां | ४००२ | ५००००। | ५०००। |
| १३ | शैलजा जोशी | १५९४ | ५००००। | ५०००। |
| १४ | बुद्धि माया दुवालनी | २९४५ | ५००००। | ५०००। |
| १५ | केशव सांढ | २९५६ | ५००००। | ५०००। |
| १६ | रजनी महर्जन थुसा | ३८६९ | ५००००। | ५०००। |
| १७ | बुद्धि माया चौगुठी | ३२४१ | ५००००। | ५०००। |
| १८ | राम कृष्ण बाईजु | ४०६६ | ५००००। | ५०००। |
| १९ | आश राम लाखेभिद्यों | ३७१६ | ५००००। | ५०००। |
| २० | गोकुल बस्नेत | ४०२ | ५००००। | ५०००। |
| २१ | उमेश कबु | ५१०२ | ५००००। | ५०००। |

## सदस्य पहिचान (KYM) फारम भर्ने ससम्बन्धी ससूचना ।

नेपाल सरकार सहकारी विभागद्धारा जारी गरिएको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ सस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार सस्थामा आवद्ध सम्पुर्ण शेयर सदस्यहरूले ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं. र अन्य विवरण) भएमा पनि सदस्यता पहिचान फारम (KNOW YOUR MEMBER- KYM) भर्नुहुन यसै सूचना मार्फत सूचित गरिन्छ ।

**पुनश्चः** नियमित मासिक बचत तथा सदस्यता पहिचान अद्यावधिक नहुने सदस्यहरूको खाता सुचारू नहुने समेत जानकारी गराइन्छ ।

## विषयः- नियमित बचत गर्ने सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस संस्थामा आवद्ध सदस्यहरूले संस्थाको नियमानुसार नियमित मासिक बचत गर्नुपर्ने अवगतै होला ।

संस्थामा आवद्ध प्रत्येक शेयर सदस्यले संस्थाको नियमानुसार अनिवार्य गर्नुपर्ने नियमित मासिक बचत विगत केहि समयदेखि नियमित नगरेका सदस्यहरूले समयमै नियमित गरी दिनुहुन हार्दिक अनुरोध गर्दछ ।

नियमित बचत निरन्तरता नहुने सदस्य महानुभावहरूलाई सदस्य राहत सुविधा लगायत साधारण सभाको उपस्थिति तथा सभाबाट पाउने सेवा सुविधाबाट पनि बञ्चित हुने हुनाले नियमित मासिक बचत गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

साथै संस्थाको शेयर प्रवर्द्धन नीति अनुसार शेयर सदस्यहरूले पुऱ्याउनु पर्ने न्यूनतम शेयर पुँजी पुऱ्याउन समेत अनुरोध गर्दछ ।

**जुनसुकै बैंक वित्तीय संस्थाको खातामा रहेको रकम Connect IPS मार्फत सिधै श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. मा रहेको सदस्यको खातामा रकम ट्रान्सफर गर्न सकिने छ ।**




### Connect IPS बाट रकम Transfer गर्ने प्रक्रिया ।

१. आफ्नो Connect IPS login गर्नुहोला ।
२. ड्यासबोर्डमा रहेको Financial Institution मा गई Co-operative transfer मा जानुहोस् ।
३. Sender details मा गई आफ्नो बैंक खाता छनौट गरी पठाउन चाहेको रकम भर्नुहोस ।
४. Benificiary Details मा गई service provider मा गई Shree Barahi Saving & Credit C0-operative LTD. Bhaktapur छनौट गरी श्री बाराही साकोसमा रहेका आ-आफ्नो खाता नं./मोइल नं./remark राखि payment गर्नुहोस ।
५. अन्तिममा verify transcation password मा गई आफ्नो connect IPS को transaction password राख्नुहोस ।

## E-Sewa तथा QR Scan मार्फत भुक्तानी ।




**अब संस्थामा भौतिक उपस्थित हुनुपर्ने झन्झतवाट मुक्त भई आफुले जहावाट पनि संस्थामा बुझाउनु पर्ने ऋणको किस्ता/ब्याज तल दिईएको Scan Pay वा Fone Pay मार्फत सजिलै संस्थाको खातामा जम्मा गरि समयमै किस्ता/ब्याज भुक्तानी गरे वापतको छुट सुविधावाट लाभांवित हुनुहोस् ।**









### २०८२ असार मसान्तसम्मको लेखा परीक्षण अधिको वासलात विवरण

| विवरण | रकम | विवरण | रकम |
|---|---|---|---|
| नगद हिसाब | २५४११५३.०० | शेयर पुँजी | ७८३०१८००.०० |
| बैंक हिसाब | १३४३५८६००.२३ | कोष हिसाब | ९३६९१५२९.७९ |
| लगानी हिसाब | ३६३२८५२७६.३९ | बचत हिसाब | ८२२७२६१२२.६८ |
| पाउनुपर्ने हिसाब | ३२७२९८३९.८३ | दायित्व हिसाब | ४१९९४९०७.९९ |
| ऋण लगानी | ४८३६०१७८२.०७ | अन्य दायित्व | ३८२५६२.६८ |
| स्थिर सम्पत्ति | ३८४७५८५३.९६ | अवितरित नाफा | १७८९५५८२.३४ |
| जम्मा दायित्व | १०५४९९२५०५.४८ | जम्मा सम्पत्ति | १०५४९९२५०५.४८ |

### २०८२ असार मसान्तसम्मको लेखा परीक्षण अधिको नाफा नोक्सान विवरण

| विवरण | रकम | विवरण | रकम |
|---|---|---|---|
| व्याज आम्दानी | ८३४०३२८४.४४ | व्याज खर्च | ५३५२६९३२.०० |
| अन्य आय | ३५५४५८०.४६ | का. सञ्चालन खर्च | १५५३८३५०.५६ |
| | | जम्मा खर्च | ६९०६२२८२.५६ |
| | | अवितरित बचत | १७८९५५८२.३४ |
| जम्मा आम्दानी | ८६९५७८६४.९० | जम्मा खर्च | ८६९५७८६४.९० |

असार मसान्तसम्मको तरलता :- ५९।५२ प्रतिशत

जम्मा सदस्य संख्या :- ५८५४ जना । जम्मा ऋणी संख्या :- ३२३ जना

## सदस्यका अधिकार तथा दायित्व

### अधिकार

- वार्षिक साधारणसभामा सहभागी हुन पाउने ।
- संस्थाद्धारा प्रदान गर्ने अन्य सेवा सुविधा समान रूपमा उपभोग गर्न पाउने ।
- संस्थाको नियमानुसार ऋण लिने र बचतमा व्याज प्राप्त गर्न पाउने ।

तर सहकारी शिक्षा कार्यक्रममा सहभागी नभएका र नियमित मासिक बचत नगरेका सदस्यहरूले माथि उल्लेखित सम्पुर्ण अधिकार उपभोग गर्न पाइने छैन ।

### दायित्वः

- संस्थाले तोकेको शेयर खरिद गर्ने र हरेक महिनामा कम्तीमा रू.१००।- नियमित बचत गर्ने ।
- अनिवार्य सदस्य शिक्षा कार्यक्रममा सहभागी हुने ।
- आफुले लिएको ऋणको सांवा र व्याज समयमा भुक्तानी गर्ने ।
- संस्था विकासका लागि सञ्चालकहरूलाई सहयोग गर्ने ।
- संस्थाको विनियम र नीति पालना गर्ने ।
- संस्थाको अन्य कार्यक्रममा सहभागी हुने ।

## संस्थाबाट सम्पन्न कार्यक्रमका झलकहरू












# संस्थाका विविध गतिविधिहरूको एक झलक



२७ औं स्थापना दिवसमा नियमित मासिक बचत कर्तालाई सम्मान ।



बाल बचतकर्तालाई संस्थाको २७ औं स्थापना दिवसमा सम्मान ।




संस्थाबाट आयोजित समाचार लेखन तालिमको समापन कार्यक्रम ।



संस्थाबाट आयोजित सार्वजनिक सम्बोधन कला तालिममा सहभागि सदस्यहरु ।



श्री बाराही साकोसद्वारा चन्द्रागिरी साकोसमा अध्ययन अवलोकन भ्रमण ।




वार्षिक समिक्षा एवं बजेट सम्बन्धी कार्यक्रममा सहभागि पदाधिकारीहरु ।




सुर्यविनायक चोकमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न ।




सामाजिक परिक्षण प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रम ।